अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ४ | संख्याः २ | मितिः २०७७/०९/०३ |

## भाग-२

# थासाङ गाउँपालिका

# एक कृषक एक उन्नत गाई वितरण कार्यविधि, २०७७

<u>थासाङ गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०७७/०९/०३</u>

थासाङ गाउँपालिका

# एक कृषक एक उन्नत गाई वितरण कार्यविधि, २०७७

प्रस्तावनाः नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपाली नारालाई आत्मसात गर्दै परम्परागत र निर्वाहमुखि पशुपालन कार्यलाई तथा व्यवसायिकता तर्फ उन्मुख गराउदै संघ प्रदेश तथा स्थानीय सरकारबाट कृषकलाई प्रदान गरिने कार्यक्रमलाई व्यवस्थित प्रभावकारी र पारदर्शि बनाउन बाच्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २(ण) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ मा विशेष अनुदान अन्तर्गतको कार्यक्रम एक कृषक एक गाई कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रुपमा कार्यान्वयन गर्न यस थासाङ गाउँपालिकामा एक कृषक एक उन्नत गाई वितरण कार्यविधि २०७७ बनाइएको छ ।

परिच्छेद १

प्रारम्भिक

1 संक्षिप्त नाम र परिभाषा

क यस कार्यविधिको नाम एक कृषक एक उन्नत गाई वितरण कार्यविधि २०७७ रहेको छ ।

ख यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

2 परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क कार्यक्रम भन्नाले एक कृषक एक गाई कार्यक्रम सम्झनु पर्छ

ख अनुदान भन्नाले राष्ट्रिय योजना आयोगबाट यस गाउँपालिकालाई एक कृषक एक उन्नत जातको गाई वितरण कार्यको लागि प्राप्त विशेष अनुदान सम्झनुपर्छ ।

ग गाई भन्नाले जर्सि गाई सम्झनुपर्छ।

घ कृषक भन्नाले एक कृषक एक गाई अनुदान कार्यक्रममा आबद्ध कृषक वा कृषक समुह वा कृषि सहकारी सुंस्था सम्झनुपर्छ ।

ङ गाउँपालिका भन्नाले थासाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

च कृषक छनौट समिति भन्नाले यस कार्यविधिको दफा नं ५ बमोजिम गाई वितरणको लागि गठित कृषक छनौट समिति सम्झनुपर्छ ।

छ तोकिएको क्षेत्र भन्नाले थासाङ गाउँपालिका वडा नं द ४ (झिप्रादेउराली ) र वडा नं ५ कुञ्जो ताग्लुङ छयो र टिटि सम्झनुपर्छ ।

थासाङ गाउँपालिका

## परिच्छेद २
## उद्धेश्य तथा कार्यक्षेत्र

3 उद्धेश्यहरुः

क परम्परा तथा निर्वाहमुखि कृषि तथा पशुपालनलाई आधुनिक व्यवसायिक तथा प्रतिस्पर्धात्मक बनाउने

ख दुध तथा दुधजन्य पदार्थ जस्तै ध्यु चिज छुर्पि पनिर आदिको उत्पादन तथा उत्पादकत्व बढाउने

ग दुध तथा दुधजन्य पदार्थमा आत्मनिर्भर हुने

घ अर्गानिक कृषि प्रणालीलाई प्रोस्साहन गर्ने

ङ सहकारीताको प्रवर्द्धन गर्ने

च आय बचत तथा लगानी बढाई कृषकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने

छ रोजगार श्रृजना गर्ने

ज यस क्षेत्रलाई दुग्धजन्य पदार्थको उत्पादन संकलन र बिक्रिबाट सेतो शहर (मिल्क सिटी) को रुपमा विकास गर्ने

4 कार्यक्षेत्रः थासाङ गाउँपालिका वडा नं ४ (झिप्रादेउराली ) र वडा नं ५ (कुञ्जो  ताग्लुङ छयो र टिटी)

थासाङ गाउँपालिका

परिच्छेद ३

कार्यक्रम सञ्चालन प्रक्रिया

5 तोकिएको क्षेत्रमा स्थायी रुपमा बसोवास गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराउने प्रयोजनको लागि अनुदानको सिफारिश गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

संयोजक- अध्यक्ष थासाङ गाउँपालिका

सदस्य - उपाध्यक्ष थासाङ गाउँपालिका

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- आर्थिक बिकास क्षेत्र हेर्ने कार्यपालिका सदस्य

सदस्य- सम्बन्धित वडाको वडा अध्यक्ष

सदस्य- प्रशासन /योजना शाखा प्रमुख

सदस्य सचिव- पशु/कृषि सम्बन्धी कार्यक्रम हेर्ने कर्मचारी

6 निर्देशक समितिको काम कर्तव्य र अधिकारः निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) तोकिएको क्षेत्रका किसानहरु छनौट गर्न ढाँचा तयार गर्ने

ख) दफा ७ क को समितिबाट सिफारिश भई आएको कृषकहरुको अन्तिम नामावली स्वीकृत गर्ने

ग) अनुदान कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका कृषक लाई गाई वितरण गर्न कृषक समेतको उपस्थिति रहने गरि कार्यान्वयन समिति गठन गर्ने

घ) दफा ८ च ííअनुसार अनुदानमा वितरण गरिने गाईको प्राविधिक स्पेशिफिकेशन र लागत स्वीकृतको लागी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने

ङ) कार्यान्वय समितिबाट तयार भई पेश भएको कृषकले गाई खरिद गर्दा पालना गर्नु पर्ने सम्झौताका शर्तहरु स्वीकृत गर्ने

च) यस सम्बन्धि अन्य आवश्यक काम गर्ने

7 गाई वितरण सम्बन्धी व्यवस्था

क) गाई वितरण गर्दा गाईको मुल्य निर्धारण गरि कृषकहरुलाई अनुदानमा गाई वितरण गर्नको लागि देहाय अनुसारको कार्यान्वयन समिति गठन गरिनेछ ।

1. उपाध्यक्ष थासाङ गाउँपालिका - संयोजक
2. आर्थिक विकास क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य
3. सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य
4. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
5. पशु/कृषि सम्बन्धी कार्यक्रम हेर्ने कर्मचारी- सदस्य सचिव

८ गाई छनौट तथा वितरण समिति कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुने

क) तोकिएको क्षेत्रका किसानहरुबाट अनुसुचि १ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन संकलन गर्ने

ख) छनौट भएका कृषकहरुलाई अनुसुचि २ बमोजिमको कृषक छनौट मापदण्डका आधारमा उपयुक्त कृषक छनौट गरि स्वीकृतको लागी निर्देशक समिति समक्ष पेश गर्ने ।

ग) अनुदानमा वितरण गरिने गाईको प्राविधिक स्पेशीफिकेसन र लागत तयार गरि स्वीकृतको लागि निर्देशक समिति समक्ष पेश गर्ने

घ) स्वीकृत प्राविधिक स्पेशिफिकेसन र लागत को परिधि भित्र रही कृषकलाई गाई खरिद गर्न सम्झौता गर्ने

ङ) सम्झौतामा उल्लेखित शर्तको अधिनमा रहि कृषकलाई गाई खरिद गर्न आदेश दिने

च) प्राविधिक स्पेशिफिकेसन अनुसारका गाई वितरण गर्ने प्रयोजनका लागी देहाय अनुसारको कार्य गर्ने

I. प्राविधिक स्पेशिफिकेसन अनुसार गाई आपुर्ति गराउन सक्ने फर्म/कम्पनीलाई गाउँपालिकामा सुचिकृत हुन सार्वजनिक सुचना जारी गर्ने ।

II. सुचिकृत भएका आपूर्तिकर्ता /फर्म कम्पनीहरुसँग दररेट माग गर्ने र सुचिकृत आपुर्तिकर्ताबाट प्राप्त दररेटको आधारमा औषत लागत तयार गरि कृषकलाई प्रदान गरिने न्युनतम अनुदान रकम निश्चित गर्न स्वीकृतको लागी निर्देशक समिति समक्ष सिफारिश गर्ने

III. गाई आपुर्ति गर्न योष्य फर्म/कम्पनी हो /होइन भनि यकिन गर्न आवश्यक परे यस समितिले छनौटमा परेका कृषकहरु मध्येबाट तिन जना कृषकलाई समिति सदस्यको रुपमा सम्मिलित गराई गाई छनौट गर्न छनौट समिति गठन गरि फर्म /कम्पनीहरुको गाई फर्मको स्थलगत भ्रमण समेत गर्न सक्ने

छ समितिले सिफारिश गरेको प्राविधिक स्पेशिफिकेसन अनुसार कृषकलाई गाई खरिद गर्न लगाई गाउँपालिकाले अनुदानमा रुपमा तोकिएको रकम सम्झौता बमोजिम उपलब्ध गराउने

9 गाई वितरण विधिः कार्यान्वयन समितिको सिफारिश बमोजिम प्रत्येक किसानलाई छुट्टाछुट्टै गाई खरिद गर्न लगाई गाउँपालिकाको पशु प्राविधिकले गाई परिक्षण गरेपछि सम्झौथामा उल्लेख भए बमोजिम अनुदान रकम उपलब्ध गराईनेछ ।

९ दफा ८ अनुसार गाई वितरण गर्दा आयोजनाको कुल बजेटमा बचत हुने भएमा बचत हुने रकमबाट दामासाही रुपमा निर्देशक समितिको सिफारिशमा गाउँकार्यपालिकाको निर्णय बमोजिम देहायमा उल्लेखित शिर्षकमा आवश्यक पर्ने रकम अनुदानको रुपमा गाई प्राप्त गर्ने कृषकलाई प्रदान गर्ने

क गोठ निर्माण खर्च

ख काउम्याट दुध दुने जार तथा अन्य सामाग्रीहरु खर्च

10 छनौट भएका कृषकलाई गाईपालन सम्बन्धी आवश्यक तालिम तथा प्रशिक्षण गाउँपालिकाले गर्न सक्ने

परिच्छेद ४

कृषक सम्बन्धी व्यवस्था

11 तोकिएको क्षेत्रमा वसोवास गर्ने स्थानिय मध्ये एक कृषक एक उन्नत जातको गाई वितरण कार्यक्रम अनुसार स्वीकृत कार्यविधि र शर्त बमोजिम गाई पाल्न ईच्छुक कृषकले गाउँपालिकाले जारी गरेको सुचना अनुसार अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिनुर्पेछ ।

12 दफा ५ बमोजिम गठित छनौट समितिबाट स्वीकृत भएका कृषकले गाईपालनको आवश्यक तयार गर्न पर्ने भनी तोकेको सोहि बमोजिमको तयारी गर्न पर्नेछ ।

13 छनौट भएका कृषकहरु काम कर्तव्य र अधिकार

क) अनुदानमा गाई प्राप्त गर्दा कार्यविधि बमोजिम गाउँपालिकाले तोकेको सबै प्रक्रिया पुरा गर्ने

ख) अनुदानमा गाई प्राप्त गर्दा तोकिएका सबै शर्तको अधिनमा रही कार्य गर्ने

ग) गाई प्राप्त गरिसकेपछि गाई उचित स्याहार र पालनपोषण गर्नुपर्ने

घ) प्राप्त गरेका गाईमा कुनै कैफियत देखिएमा तुरुन्त सम्पर्क कार्यालय वा गाउँपालिकामा जानकारी ग।गराउनु पर्ने

ङ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

परिच्छेद ५

उत्पादन तथा विक्रि वितरण सम्बन्धी व्यवस्था

१४.कृषकले उत्पादित दुध विक्रि वितरण गर्दा समान मुल्यमा विक्रि वितरण गर्नुपर्नेछ । दुध विक्रिको लागी किसानको माग अनुसार आवश्यकता अनुसार सहकारी वा केन्द्र स्थापना गर्न सकिने । स्थानिय बजारमा विक्रि भै नसकेको बाकी दुध नजिकको बजारमा लगि विक्रि गर्न सक्ने र बाँकी दुग्धजन्य पदार्थको उप्पादन गरि विक्रि गर्न सक्ने

परिच्छेद ६

अनुगमन तथा मुल्याङ्कन

१५कार्यक्रम सञ्चालित क्षेत्रमा कार्यक्रममा समावेश भएका कृषकहरुको नियमित अनुगमनको कार्य तोकिएको सम्पर्क कार्यालयको वडा समितिले गर्नुपर्नेछ

१६कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले देहाय बमोजिमको अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

क) उपाध्यक्ष -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) सम्बन्धित समितिको संयोजक १ जना सदस्य

घ) कृषक समुहको प्रतिनिधि १ जना सदस्य

ङ) पशु विकास शाखा प्रमुख १ जना सदस्य

१७.अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार

अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अनुगमन समितिले प्रत्येक ३ महिनामा सम्बन्धित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

ख) अनुगमनका क्रममा कुनै कृषकलाई समस्या देखिएमा समाधानको लागी गाउँपालिका सिफारिश गर्न सक्नेछ ।

ग) अनुगमनका क्रममा कुनै कृषकले सम्झौता बमोजिम कार्य नगरी कुनै कैफियत गरेको देखिएमा निजलाई एक पटकलाई सचेत गराउन सक्नेछ ।

घ) प्रथम पटक अनुगमन गर्दा कैफियत भई सचेत गराईएकोमा पुनः अनुगमनको क्रममा कैफियत पाईएमा सम्झौता उल्लघंन गरेको आधारमा सम्झौता बमोजिम कार्यवाहिको लागि गाउँपालिकामा सिफारिश गर्न सक्ने

थरपु गाउँपालिका

## परिच्छेद ७ विविध

१८ अनुदान प्राप्त किसानले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको जानकारी भएमा अनुगमन समितिको सिफारिशको आधारमा नेपालको प्रचलित ऐन कानुन बमोजिम कार्यवाही गरी प्रदान गरिएको अनुदान रकम सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

१९ विवाद समाधानः यस कार्यविधि अनुसार सम्पन्न गरिने कामको सिलशिलामा कुनै विवाद वा भ्रम सृजना भएमा सोको निराकरणमा यस गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

२० सम्पर्क कार्यालयः थासाङ गाउँपालिका वडा नं ५ को कार्यालयलाई यस कार्यक्रमको सम्पर्क कार्यालयको रुपमा रहने

२१ कार्यविधि संशोधन तथा परिमार्जन गाउँकार्यपालिकाको कार्यालयले आवश्यक परिमार्जन एंव संशोधन गर्न सक्नेछ ।

२२.खारेजी तथा बचाउः गाई पालन अनुदान वितरण सम्बन्धी काम कार्यवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

थासाङ गाउँपालिका

अनुसुचि १

थासाङ गाउँपालिका

फोटो

एक कृषक एक गाईपालन कार्यक्रम

कृषक दर्ता फारम

| | | |
|---|---|---|
| कृषक दर्ता नम्वर | नाम | सम्पर्क |
| ठेगाना | | |

| | | | |
|---|---|---|---|
| जिल्ला | गाउँपालिकाःथासाङ गा.पा | वडा नं | गाउँ/टोल |
| ना.प्र नम्वर | नागरिकता जारी मिति/जिल्लाः | | |

| परिवार संख्या | १८ वर्ष मुनिका | १८ वर्ष देखि ५९ वर्षसम्म | ६० वर्ष देखि माथि | कैफियत(अशक्त/अपाङ्ग |
|---|---|---|---|---|
| महिला | | | | |
| पुरूष | | | | |
| | | | | |

| | | |
|---|---|---|
| खेतिमा संलग्न परिवार | पुरै समय रोजगार संख्याः | आंशिक रोजगार संख्याः |

व्यवसायिक विवरणः

| क्र.स | व्यवसाय/वाली/पशुपन्छी/अन्य | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | संञ्चालनमा आएको मिति | सहयोगी निकाय वा संस्था र रकम रु |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

अन्य व्यवासाय रोजगारी र आम्दानीः

| क्र.स | व्यवसाय | रोजगार संख्या | वार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

पशुपालनमा अनुभवः (टिक लगाउनुहोस

| | | | |
|---|---|---|---|
| १ देखि २ वर्ष | २ देखि ४ वर्ष | ४ देखि ६ वर्ष | ६ वर्ष भन्दा माथि |

गाईपालनको लागि गोठको अवस्थाः (टिक लगाउनुहोस

| | | | |
|---|---|---|---|
| राम्रो | मध्यम | सामान्य | नभएको |

आगामी योजना

- 

| दाँया | वाँया |
|---|---|
| | |

<u>माथि प्रस्तुत गरिएका सबै कुरा सत्य हुन झुटा ठहरिएमा कानुन बमोजिम सहुँला,वुझाउला गाईपालन छोड्ने मनशाय भए १ महिना अगाडि सम्बन्धित वडामा जानकारी गराउने छु।</u>

| पेश गर्नेको सही | वडाको तर्फबाट | गाउँपालिकाको तर्फबाट |
|---|---|---|
| नामः | नामः | नामः |
| ठेगानाः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

थासाङ गाउँपालिका

अनुसुचि २

निवेदनको ढाँचा

मितिः २०७७ । ।

श्रीमान वडा अध्यक्षज्यू
थासाङ गाउँपालिकाको कार्यालय,
बडा नम्बर..........कार्यालय,.........

विषयः कृषक दर्ता फारम बुझाएको बारे ।

प्रस्तुत विषयमा थासाङ गाँउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार एक कृषक एक उन्नत गाईपालन कार्यक्रमको लागि थासाङ गाँउपालिकाले तयार गरेको कृषक दर्ता फारम भरी देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवदेकको
हस्ताक्षरः
नाम
ठेगानाः

| दाँया | बाँया |
|---|---|
| | |

संलग्न कागजातहरुः
१. कृषक दर्ता फारम १ थान
२. नेपाली नागरिकताको प्रतिलिपिः १ बान
३. अनुभव
४. अन्य सान्दर्भिक कागजात

थासाङ गाउँपालिका

## अनुसूचि ३
## कृषक छनौट सम्बन्धी मापदण्ड

१. गाईपालन कार्यक्रममा आवेदन दिन वा समावेश हुन चाहने कृषक थासाङ गाउँपालिका वडा नं ४ (झिप्रादेउराली पैरोथाप्ला) र वडा नं ५ (कुञ्जो, ताग्लुङ, छयो र टिटि) क्षेत्रमा बसोबास गर्ने स्थानिय बासी हुनु पर्ने ।

२. गाईको स्याहार सुसार गर्नको लागि एक परिवारमा २०-६० वर्षसम्म उमेरको कम्तीमा १ जना सदस्य हुनुपर्नेछ । ३. कृषक सँग आफ्नो वा संगोलको परिवारको नाममा भएको जग्गा धनि दर्ता प्रमाण पुर्जा सहितको कम्तीमा पनि आधा रोपनि जग्गा हुनुपर्नेछ

४. बुँदा नम्बर (२) मा जे लेखिएको भएतापनि यदि आफ्नो नाममा जग्गा जमिन नभए कृषकले भाडामा वा अन्य कुनै तरिकाबाट जग्गा उपभोगमा लिएको भए जग्गा धनिबाट कम्तीमा १० वर्षसम्मको भोगचलनको मञ्जुरीनामा भएको हुनुपर्नेछ ।

५. नेपाल सरकारको कुनै पनि निकायबाट जुनसुकै प्रकारको ऋण लिई सम्झौता बमोजिम तोकिएको अवधिमा तिर्नु वा बुझाउनु पर्ने दायित्व फरक नगरेको व्यक्ति वा संगोलको परिवारलाई यस कार्यक्रमबाट अनुदान कार्यक्रममा समावेश नगराईने ।

६. भकारो सुधार सम्बन्धी न्युनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

७. पशुपालन व्यवसायमा अनुभव हासिल गरेको व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

८. साविक क्षेत्रको स्थानिय बासिन्दा हुनुपर्नेछ ।

९. गाउँपालिकाबाट यो आ.व. मा यस्तै प्रकृतीका अन्य कुनै अनुदान प्राप्त नगरेको हुनुपर्नेछ ।

थासाङ गाउँपालिका

## अनुसूचि-४

### सम्झौताका सेवा शर्तहरु

१. अनुदानबाट यस सम्झौता अनुसार प्राप्त गाईको पालनपोषण, हेरचाह, औषधिउपचार तथा अन्य उपचार गराउने दायित्य दोस्रो पक्षको हुनेछ । तर यदि दोस्रो पक्षले लापरवाही गरि सम्झौता बमोजिमका शर्तहरु उल्लघन गरि वा गाईपालन सम्बन्धि तोकिएको मापदण्डको पालना नगरेको भनि अनुगमन समितिले सिफारिस गरेमा पहिलो पक्षले दोस्रो पक्षालाई आवश्यक कारवाही गर्न सक्नेछ ।

२. दोश्रो पक्षले उत्पादित दुधजन्य पदार्थको विक्री वितरण मुल्यमा एकरुपता कायम गर्नुपर्नेछ ।

३. गाईको पहिलो बर्षको विमा पहिलो पक्षले गर्नेछ भने बाँकी वर्षहरुको बिमा अनिवार्य रूपमा दोश्रो पक्षले गर्नुपर्नेछ यदि विमा नगरेमा सम्झौता उल्लंघन गरेको मानी पहिलो पक्षले थप कारवाही प्रक्रिया अधि बढाउन सक्नेछ ।

४. दोश्रो पक्षले अनुदानबाट प्राप्त गरेको गाई विक्रि वितरण गर्न पाउने छैन यदि गरेमा गाई उपलब्ध गराउदा लागेको अन्तिम मुल्य सरकारी बाँकी रकम सरह मानी असुल उपर गरिनेछ

५. यदि दोश्रो पक्षले अनुदान प्राप्त गाई पालनमा असमर्थ भएमा ३ महिना अगावै पहिली पक्षलाई सूचना गराउनु पर्नेछ ।

६. यदि विशेष परिस्थिले गर्दा दोश्रो पक्षले गाई पालनमा असमर्थ जनाएमा अनुगमन समितिको सिफारिसमापहिलो पक्षले वैकल्पिक व्यवस्था गर्नेछ यस प्रयोजनको लागि गाँउपालिकाको निर्णय अन्तिम हुनेछ

७. अनुदान प्राप्त गाईबाट जन्मेका बाच्छाबाच्छीहरुको विक्री वितरण तथा पालन पोषणको सम्पूर्ण अधिकारतथा जिम्मेवारी दोश्रो पक्षको हुनेछ

८. माथी उल्लेखित शर्तहरु उल्लघन गरेको खण्डमा पहिलो पक्षद्वारा गरिने कारवारी मात्र दोस्रो पक्ष बाध्यकारी हुनेछ

**आज्ञाले,**
**सन्तोष कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**